सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय प्यूठान

## आ.व. २०७९/८० को

## स्वतः प्रकाशन गर्नुपर्ने चौथो त्रैमासिक सूचना विवरण

जिल्ला प्रशासन कार्यालय
खलंगा, प्यूठान
२०८०

प्रशासकीय अधिकृत

जिल्ला प्रशासन कार्यालय प्यूठानबाट २०८० साल वैशाख १ गते देखि २०८० आषाढ मसान्तसम्म भए गरिएका कामको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको छ।

१. कार्यालयको नामः- जिल्ला प्रशासन कार्यालय, प्यूठान ।

२. कार्यालयको काम कर्तव्य र अधिकारः-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- हातहतियार तथा खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण; विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने ।
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने ।
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने ।
- गैरसरकारी सघसंस्था दर्ता, नवीकरण र नियमन गर्ने ।
- स्थानीय प्रशासनको सञ्चालन गर्ने ।
- नागरिकता वितरण गर्ने ।
- बाल कल्याण तथा बाल अधिकारको संरक्षण गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने ।
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने ।
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मुआब्जा निर्धारण तथा वितरण गर्ने ।
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार, संरक्षण र मर्मत गर्ने गराउने ।
- राहदानी वितरण गर्ने ।
- लागू औषध रोकथाम, नियन्त्रण र नियमन गर्ने ।
- जिल्ला स्थित कारागार कार्यालयको निरीक्षण तथा व्यवस्थापन गर्ने ।
- जिल्ला भित्र बजार क्षेत्रको अनुगमन, नियमन तथा नियन्त्रण गर्ने ।
- द्वन्द्व प्रभावित व्यक्तिको पहिचान तथा राहत वितरण गर्ने ।
- नाता प्रमाणित गर्ने ।
- निर्वाचन सम्बन्धी निर्वाचन आयोग र गृह मन्त्रालयको आदेश तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग गर्ने ।
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण गर्ने ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने ।
- कानून बमोजिम तोकिए अनुसारको मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने र संरक्षण गर्ने ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

- भारतीय सेवामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरुको परिवारको नाम, थर र उमेर फरक परेको विषयमा सिफारिश लगाएत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने ।
- नाबालक परिचयपत्र वितरण गर्ने ।
- राष्ट्रिय परिचयपत्र सम्बन्धमा विवरण संकलन गर्ने ।

३. कार्यालय अन्तरगत रहने शाखा/उपशाखा

- स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा
- नागरिकता तथा प्रतिलिपि शाखा
- आर्थिक प्रशासन शाखा
- राहादानी तथा जिन्सी दर्ता शाखा
- गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
- मुद्दा तथा हातहतियार शाखा
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता स्टेशन

४. कार्यालय अन्तरगत शाखामा रहने जिम्मेवारी कर्मचारीहरु

- आर्थिक प्रशासन शाखा
  - तुल्सीराम खड्का
- नागरिकता तथा प्रतिलिपि शाखा
  - ना.सु. तेज बहादुर विश्वकर्मा
  - ना.सु. मेघ प्रसाद पोखेल
- राहदानी शाखा
  - विवरण दर्ता अपरेटर शगुन श्रेष्ठ (करार)
- मुद्दा तथा हातहतियार शाखा
  - ना.सु सरस्वता जि.एम.
- स्थानीय प्रशासन तथा शा.सु. शाखा
  - ना.सु. सरस्वता जि.एम.
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता स्टेशन
  - विवरण दर्ता अपरेटर सगुन शाक्य (करार)
  - विवरण दर्ता अपरेटर सुवास बस्नेत (ज्यालादारी)
  - फारम भर्ने/सहयोगी बर्षा खड्का (ज्यालादारी)

५. सेवा प्राप्त गर्न लाग्ने कागजात, दस्तुर तथा समयावधि
  - नागरिक वडापत्रमा उल्लेख भए बमोजिम

६. निर्णय प्रक्रिया र अधिकारी
  - प्रमुख जिल्ला अधिकारी बाट प्रत्यायोजन भएका विषयहरुमा प्रशासकिय अधिकृत बाट र अन्य निर्णयहरु प्रमुख जिल्ला अधिकारीबाट हुने ।

७. गुनासो उपर उजुरी सुन्ने अधिकारी
  - प्रमुख जिल्ला अधिकारी

८. प्रमुख जिल्ला अधिकारी:- मदन कोइराला (सम्पर्क नम्बर: ९८५७८१७७७७,)

प्रशासकीय अधिकृत

प्रशासकिय अधिकृत एवम् सूचना अधिकारी:- मेघराज सोनी (सम्पर्क नम्बर: ९८५७८२७१३३, ०८६४२००३३)

९. कार्यालयको

- Website: https://daopyuthan.moha.gov.np/
- Facebook page: जिल्ला प्रशासन कार्यालय प्यूठान
- Email Address: daopyuthan2074@gmail.com (प्रशासन शाखा)
  avilekhpyuthan@gmail.com(नागरिकता शाखा)

१०. कार्यालयको दरबन्दी संरचना

- कुल दरबन्दी -२२
- जम्मा पदपूर्ती भएको - १२
  - स्थायी - ७
  - करार - ५ (का.स. र ह.स.चा.)
- रिक्त दरबन्दी - १५(करार सेवामा कार्यरत बाहेक)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीहरु- १(करार) र २ (ज्यालादारी)

११. २०८० वैशाख १ गते देखि २०८० आषाढमसान्त सम्म कार्यालयबाट प्रदान गरिएका सेवाहरु

| सि.नं. | सेवाको किसिम | | महिना | | | जम्मा | तेस्रो त्रैमासिकको कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | वैशाख | जेठ | आषाढ | | |
| क. | वंशजको आधारमा नयाँ नेपाली नागरिकता वितरण | | ५१७ | ८३३ | ५९१ | १९४१ | १९४१ |
| | नागरिकता प्रतिलिपि | | ३३४ | १३५६ | ५५५ | २२५४ | २२५४ |
| | वैवाहिक अंगिकृत नागरिकता वितरण | | १ | ० | १ | २ | २ |
| ख. | राहदानी | | | | | | |
| | तयारी राहदानी वितरण | | ५८४ | ५१७ | ३३७ | १४३८ | १४३८ |
| | कार्यालयबाट सिफारिस | | ६२३ | ५५५ | ४६० | १६३८ | १६३८ |
| | द्रुत सेवा सिफारिस | | ० | ० | ० | ० | ० |
| ग. | राष्ट्रिय परिचयपत्र दर्ता | | ११८० | १६१६ | १३६२ | ४१५८ | ४१५८ |
| घ. | विविध सिफारिस | | | | | | |
| | भारतीय पेन्सनरको लागि | | ६७ | ६६ | ३५ | १६८ | १६८ |
| | आदिवासी सिफारिस | | ७३ | ४२ | २५ | १४० | १४० |

प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दलित सिफारिस | ७० | ४१ | २० | १३१ | १३१ |
| | नामथर प्रमाणित | ५३ | ९७ | २९ | १७९ | १७९ |
| | अन्य सिफारिस/चालचलन प्रमाणित | १३ | ६३ | १० | ८६ | ८६ |
| ङ. | नाबालक परिचय पत्र वितरण | ४ | ४ | २ | १० | १० |
| च. | सहायता कक्षबाट सेवा | ८३८ | ८१० | ७३३ | २३८१ | २३८१ |

| छ. | मुद्दाको किसिम | वैशाख | | जेष्ठ | | आषाढ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट |
| | १. क्षतीपूर्ती | ० | १ | ० | ० | | | | |
| | २. सार्वजनिक नैतिकता विरुद्ध | १ | २ | २ | १ | | | | |
| | ३. ठाठो उजुरी | ४ | ० | ४ | २ | | | | |
| | ४. कालो बजारी | ० | ० | ० | ० | | | | |
| | जम्मा | ५ | ३ | ६ | ३ | | | | |

| ज. | राजश्व संकलन | वैशाख | जेष्ठ | आषाढ | जम्मा |
|---|---|---|---|---|---|
| | राहदानीबाट | २७,६७,५०० | ३१,२०,००० | २२,५६,००० | ८१,४३,५०० |
| | अन्य | ८,३०० | ७७,३५० | १,९७,९१६ | २,८३,५६६ |
| झ. | विपद पीडीतलाई राहत वितरण कार्यालयबाट | १,४५,००० | १,८५,००० | ६५,००० | ३,९५,००० |
| | विपद पीडीतलाई राहत वितरण प्रदेश सरकारबाट | १८,००,००० | ७,४०,००० | ० | २५,४०,००० |
| ञ. | संघसंस्था नविकरण. दर्ता | १/४ | ३/५ | ३/० | ७/९ |
| ट. | हा.ह.ख.ख. नामासारी/नविकरण | ०/१ | ०/४ | ०/७२ | ०/७७ |
| ठ. | विष्फोटक इजाजत पत्र/नविकरण | - | - | - | |
| ड. | कार्यालय अनुगमन | जेष्ठ महिनामा जिल्लामा अवस्थित सरकारी कार्यालयमा अनुगमन तथा निरीक्षण गरिएको । | | | |
| ढ. | बजार अनुगमन | प्यूठान नगरपालिकाको बाग्दुला, बिजुवार, क्वाडी क्षेत्रमा मासु, माछा र डेरा उद्योगमा अनुगमन तथा निरीक्षण गरिएको । | | | |

१२. यस कार्यालयबाट गरिएका अन्य कार्यहरु—

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- जिल्लामा कोभिड-१९ व्यवस्थापन सम्बन्धमा स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल १ वटा, वेड संख्या ५, HDU Bed ५ वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।

प्रशासकीय अधिकृत

- नेपाल सरकारको नीति अनुसार नागरिकहरुलाई कोभिड-१९ विरुद्धको खोपको पहिलो मात्रा जम्मा १,७०,२८१(९१%) जनालाई, खोपको पुरामात्रा जम्मा १,५९,३३४(८५%)जना र बुष्टर डोज १०२,३३३(६४%) व्यक्तिहरुलाई लगाइएको छ ।
- हालसम्म जिल्लामा कोभिड-१९ संक्रमित पहिचान गर्न २६,६२७ कोAntigen परीक्षण गरिएकोमा ३५६७ जना कोभिड-१९ पोजेटीभ रहेको र कुल मृत्यू संख्या ७९ जना रहेको ।

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- सुरक्षाकर्मीहरुको परिचालन गरी गैरकानूनी क्रियाकलापहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- बर्षातको समयमा हुन सक्ने हावाहुरी, चट्याङ, बाढी पहिरो जस्ता विपद्जन्य घटनाबाट क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायबाट सूचना संकलन, विश्लेषण, समन्वय र सहकार्य गरी शान्ति सुरक्षा मजबुत बनाइएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी ७(सात) वटा बैठकहरु सम्पन्न भएका छन्।
- झिमरुक गाउँपालिका-०५ मच्छी स्थित प्रहरी चौकी ओखरकोट मच्छीको स्थलगत अनुगमन गरिएको।
- गृह मन्त्रालयबाट प्राप्त सुरक्षा सम्बन्धमा प्राप्त परिपत्रहरुको आवश्यक कार्यान्वयन गरिएको।
- लागु औषध कारोबार र प्रयोगको सम्भाव्य क्षेत्र तथा सीमा नाकामा निरीक्षण र अनुगमन गरिएको।
- प्यूठान जिल्लामा अवस्थित रहेका वित्तिय संस्थाहरुको सुरुक्षा सम्बन्धमा सुरक्षा निकायहरुले नियमित रुपमा सूचना संकलन तथ विश्लेषण गरि आवश्यकता अनुसार नियमित गस्तिको व्यवस्था मिलाइएको ।
- आवश्यकतानुसार शान्ति सुरक्षा व्यवस्था कायम गर्न सरोकारवाला निकायसँग समन्वय तथा सहजिकरण गरिएको ।
- प्यूठानको स्वर्गद्वारीमा दाङ, प्यूठान, अर्घाखाँची र रोल्पा जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थितिमा अन्तरजिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न गरिएको ।
- प्यूठान नगरपालिका-०९ मस्ठाना स्थित निर्माणाधिन अस्थाई प्रहरी पोष्टको स्थलगत अनुगमन गरिएको।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी तथा ग्रैह सरकारी निकायसँगको समन्वय बैठक बसी विभिन्न निर्णयहरु भएका र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्लामा वन डढेलो, हावाहुरी र अन्य विपद्जन्य घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको।
- विपद् प्रभावित व्यक्तिहरुलाई प्रदेश सरकारबाट सरकारबाट राहत उपलब्ध गराउन प्रदेश मन्त्रालयमा सिफारिस गर्ने गरिएको।
- जिल्ला प्रशासन कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्ययोजना अन्तरगत कार्यहरु गरिएको ।
- मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम लागत साझेदारी बमोजिम रकम व्यवस्थापनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको ।
- विपद्जन्य घटनाबाट अवरुद्ध भएका सडकहरु खुलाउन अनुगमन तथा निरीक्षण गरि सरोकारवालसँग समन्वय गरिएको

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

घ) सुशासन सम्बन्धी कार्यहरु:-


- दैनिक प्रतिवेदन प्रणाली (DRS) र मासिक प्रगति प्रतिवेदन पठाइएको।
- नियमित स्टाफ मिटिङ बसी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री बनाउने तथा आइपरेका समस्या समाधानका लागि छलफल गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको कार्यालय प्रमुखको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण र समन्वय गर्ने गरिएको
- विभिन्न निकायहरुको कामकाजलाई सहजीकरण गर्न आवश्यकता अनुसार बैठक, छलफल आदिका माध्यमबाट निर्णय गरिएको र समस्या समाधानका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइएको ।
- जिल्ला स्थित विभिन्न पक्षहरु सँग समन्वय बैठक बसी सरोकारका विषयमा छलफल गरिएको।
- गृह नन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदिको कार्यान्वयन गर्ने गरिएको।
- नागरिकता सम्बन्धी उजुरीहरुको CCRS प्रणालीमा नियमित फछ्यौट गरिएको।
- जिल्लामा विभिन्न कार्यहरुमा सहजीकरण तथा समन्वय गर्न सहजीकरण तथा समन्वय बैठक सम्पन्न गरिएको ।
- आ.व. वर्ष २०७९/८० को लागि यस कार्यालयबाट स्वीकृत भएको बार्षिक कार्ययोजना अन्तरगतका कार्यहरु सम्पन्न गरिएको ।
- राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान अन्तरगत आषाढ महिनामा २९५९५ जनाको विवरण संकलन गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा दर्ता भइ सञ्चलन भएका संघसंस्थाहरुको नियमित अनुगमन तथा निरीक्षण गरिएको ।
- सूचना अधिकारीको बैठक बसी सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ लाई प्रभावकारी रुपमा कार्यान्वनका लागि सहजिकरण गरिएको ।
- आ.व. २०८०/०८१ को लागि प्यूठान जिल्लाको जिल्ला दररेट स्वीकृत गरिएको ।
- जिल्लामा सञ्चालन भएका संघ र प्रदेशस्तरीय आयोजनाहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- भिंगृ-स्वर्गद्वारी सडक खण्डमा वढी मात्रमा सवारी दुर्घटना हुने गरेमा त्यसका मर्मत सम्भार तथा Traffic safety व्यवस्थापनका लागि बजेट विनियोजन लागि समन्वयात्मक बैठक सम्पन्न गरिएको ।


च) अन्य कार्यहरु

- राष्ट्रिय परिचयपत्रको तथ्याङ्क भर्ने कामलाई छिटो छरितो बनाउनको लागि स्थानीय तह र कार्यालयबाट समेत परिचयपत्रको तथ्याङ्क भर्ने कामलाई प्राथमिकताकासाथ कार्यान्वयन गरिएको ।
- प्यूठान जिल्लामा राष्ट्रिय परियपत्रको विवरण संकलन अभियान प्रारम्भ गर्ने प्रयोजनार्थ स्थानीय तहहरुसँग अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

प्रशासकीय अधिकृत

चित्र नं.१ मिति २०८०/०३/२२ गतेका दिन नेपाली सेना (वर्द बहादुर गण), प्यूठानको आयोजनामा प्रमुख जिल्ला अधिकारी श्री मदन कोइरालाज्यूको अध्यक्षता, प्रमुख अतिथि लुम्बिनी प्रदेश सभाका सदस्य माननीय श्री तुल्सीराम शर्मा, विशिष्ट अतिथि माननीय निमा गिरी, माननीय धनलक्ष्मी श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख श्री धरम बहादुर जि.सी., लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयका सचिव श्री लालबाबु कवारी लगायत न.पा. प्रमुख/उप-प्रमुख, गा.पा. अध्यक्ष/उपाध्यक्ष, कार्यालयका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, सञ्चारकर्मी एवम् सरोकारवाला समेतको उपस्थितिमा प्यूठान न.पा. वडा नं. 4 स्थित झिमरुक नदिमा बाढि पहिरो सम्बन्धी **Simulation Exercise (SIMEX)** तथा **Demonstration** सहित विपद् व्यवस्थापन सम्बन्धि "जिल्ला स्तरिय एकिकृत अभ्यास हातेमालो" कार्यक्रम सम्पन्न भयो ।





नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

चित्र नं.२ प्यूठान जिल्ला, स्वर्गद्वारी नगरपालिका वडा नं. २, धनवाङ्ग स्थित मिति २०८०/०२/६ र ७ गते डढेलोबाट लागेको आगोको कारणले ११ घर पुर्ण रुपमा जलेर नष्ठ भएको एवम् गोठ तथा बाखा, चौपायाहरु पनि जलेका छन । आगलागीबाट पिडितहरुलाई स्वर्गद्वारी नगरपालिकाका उप-प्रमुखज्यू, श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,नेपाल रेडक्रस सोसाईटी प्यूठानका सभापति,उद्योग वाणिज्य संघका महा-सचिव र जिल्ला स्थित गैर-सरकारी संघको सहभागीतामा राहत वितरण गरियो । साथै अहिले आगो पुर्ण रुपमा नियन्त्रणमा रहेको छ ।







नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

प्रशासकीय अधिकृत

चित्र नं.३ मिति २०८०/०२/०१ गते सोमवारका दिन माण्डवी गा.पा. वडा नं. २ धनचौर स्थित पहिरोले क्षतिग्रस्त स्थानको गाउँपालिका अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारीज्यू लगायत सुरक्षा निकायका प्रमुखज्यू समेतको सहभागितामा स्थलगत अनुगमन सम्पन्न गरियो ।






नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

चित्र नं.४ मिति २०८०/०३/२४ गते देखि भालुवाङ्ग-प्यूठान सडक खण्ड अन्तरगत माण्डवी गा.पा वडा नं. १ मा अवस्थित गर्जिने भन्ने स्थानमा अवरुद्ध भएको सडक खुलाउने सम्बन्धमा मिति २०८०/०३/२५ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी मदन कोइराला लगायत सुरक्षा निकायका प्रमुखहरुबाट स्थलगत अनुगमन तथा निरीक्षण गर्दै ।







नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

चित्र नं.५ मिति २०८०/०३/१५ गते झिमरुक गाउँपालिकामा प्रमुख जिल्ला अधिकारी मदन कोइरालाज्यूको अध्यक्षतामा, झिमरुक गाउँपालिका अध्यक्षज्यूको प्रमुख आतिथ्यता, झिमरुक गाउँपालिकाका उपाध्यक्षज्यू, जिल्ला प्रशासन कार्यालय, प्यूठानका प्रशासकीय अधिकृतज्यू, पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्ष र वडा सचिवहरु समेतको उपस्थितिमा राष्ट्रिय परिचयपत्र अभियान अन्तर्गत विवरण दर्ता सम्बन्धि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो ।





नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत